# एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०१५/१६

*(वार्षिक प्रतिवेदन २०१५/१६ को पेज नं. २६७ देखि २६९ मा समाविष्ट नेपालखण्डको अनौपचारिक नेपाली अनुवाद)*

## नेपाल

### संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल

**राष्ट्रप्रमुख : विद्यादेवी भण्डारी (रामवरण यादवलाई अक्टोवर -२०७२ कात्तिक- मा प्रतिस्थापन गर्नुभएको)**
**सरकारप्रमुख : खड्गप्रसाद शर्मा ओली (सुशिल कोइरालालाई अक्टोवर -२०७२ असोज- मा प्रतिस्थापन गर्नुभएको)**

***२०७२ वैशाख १२ (२५ अप्रिल) मा गएको विनाशकारी भूकम्पको लगत्तै संविधान निर्माण प्रक्रियालाई तीव्र गतिमा अघि बढाइयो। असोज (सेप्टेम्बर) मा जारी गरिएको संविधानमा मानवअधिकारका दृष्टिकोणले केही कमी रहेको थियो भने यसमा व्यवस्था गरिएको संघीय संरचनालाई तराई केन्द्रीत आदिवासी समूहहरुले अस्वीकार गरे। प्रदर्शनकारी र प्रहरीबीच भएको हिंसात्मक झडपहरुमा ५० जना भन्दा बढीको ज्यान गयो। भूकम्प पश्चात्को राहत वितरणमा भएको विभेदले सीमान्तकृत समूहहरु प्रभावित भए भने प्रभावित सबै क्षेत्रमा पुनर्निर्माणको काममा ढिलाई भयो। लैङ्गिक, जात, वर्ग, जातीय उत्पत्ति र सांस्कृतिक लगायत आधारमा हुने विभेदहरुले निरन्तरता पाई नै रहे।***

## पृष्ठभूमि

२०७२ वैशाख १२ (अप्रिल २५) मा नेपालमा ७.८ म्याग्निच्युटको भूकम्प गयो र त्यसपछि पनि निरन्तर सयौं पराकम्पहरु आइनै रहे। गृहमन्त्रालयले अक्टोवर महिनासम्ममा गराएको जानकारी अनुसार सुरुको भूकम्पबाट ८,८५६ जनाको मृत्यु र २२,३०९ जना घाइते भए। कुल ६,०२,२५७ घरहरु पूर्ण रुपमा र २,८५,०९९ वटा आंशिक रुपमा भत्किए। एक लाख भन्दा बढी विस्थापितहरु महिनौंसम्म पनि अस्थायी शिविरमा वस्न वाध्य भए। धेरैजनालाई आधारभूत स्वास्थ्य सेवाको पहुँचमा कठिनाई भयो वा त्यस्तो सेवा उपलब्ध हुन सकेन र खाद्य सुरक्षा कायम हुन सकेन।

तोकिएका म्याद २०७१ माघ ८ (जनवरी २२) सम्ममा संबिधान जारी गर्न संविधानसभा सफल हुन सकेन। तर भूकम्प आए लगत्तै संविधानको मूल विषयहरुमा हतार हतारमा सहमति गरियो र २०७२ असोज (सेप्टेम्बर) मा संविधान जारी पनि गरियो। संविधानमा प्रस्ताव गरिएको संघीय संरचनाको विरुद्धमा मधेसी र थारु समूहहरुले प्रायः हिंसात्मक प्रदर्शनहरु गरे भने सुरक्षाकर्मीले पनि बल प्रयोग गरे। सेप्टेम्बरको तेस्रो साता (२०७२ असोज) देखि नेपाल भारतको धेरैजसो सीमा नाकाबाट इन्धन, खाद्यान्न र औषधि बोकेका ट्रकहरुलाई भित्रिन र बाहिरीन अवरोध गरिएको कारण चरम अभावको परिस्थिति उत्पन्न भयो।

## कानुनी, संवैधानिक वा संस्थागत विकास

नागरिकहरुबाट सुझाव संकलनका लागि जुलाई (२०७२ असार) मा सार्वजनिक गरिएको मस्यौदा संविधानले महिला अधिकार र दलित लगायत सीमान्तकृत समुदायको प्रमुख मानव अधिकारहरु पर्याप्त मात्रामा संरक्षण गर्न सक्दैन भनी चिन्ता व्यक्त गरियो। एकल महिला र समलिङ्गी दम्पत्तीलाई विभेद गर्ने प्रकृतिको नागरिकताको प्रावधान, सांस्कृतिक एवं अभिव्यक्ति लगायतका स्वतन्त्रताका प्रावधानहरु, न्यायमा पहुँच, निवारक नजरबन्द, यौन तथा प्रजनन अधिकार र बाल अधिकार जस्ता मस्यौदा संविधानका प्रावधानहरु उपर गम्भीर चिन्ता व्यक्त गरिए। सार्वजनिक परामर्शका क्रममा नागरिकहरु र मानवअधिकार संघसंस्थाबाट ४० हजार भन्दा बढी सुझावहरु संविधानले ग्रहण गरेको थियो। यद्यपि प्राप्त सुझाव अनुसार मस्यौदा संशोधन गरिएन र असोज ३ गते (सेप्टेम्बर २० का दिन) जारी गरिएको संविधानले केही प्रमुख चिन्ताको विषयलाई सम्बोधन गरेन।

नयाँ संविधानमा नेपाललाई संघीय गणतन्त्रिक मुलुक भनी उल्लेख गर्ने र कुल ७ वटा संघीय प्रदेशहरुमा विभाजन गर्ने गरी २०७२ साउन २३ (अगस्ट ८) मा चार प्रमुख राजनीतिक दलहरुले सहमति गरे । प्रस्तावित नयाँ संरचनाले राजनीतिक प्रतिनिधित्वमा निषेध गर्ने देखिएको भन्दै दक्षिण र मध्य पश्चिम नेपालका आदिवासी समूहहरु सो संरचनाको विरोधमा उत्रिए । फलस्वरुप तराई क्षेत्रमा प्रदर्शनहरु भए र ती प्रायः हिंसात्मक थिए । सुरक्षा फौजबाट पनि प्रदर्शनकारीहरुसँग भएको झडपका क्रममा आवश्यक भन्दा बढी, असमान वा अनावश्यक बल प्रयोग भए । ती झडपहरुमा परी अक्टोवर महिनासम्ममा कम्तिमा पनि ४७ जना नागरिक एवं १० जना प्रहरीहरु मारिए ।

## दण्डहीनता

संसदबाट २०७१ वैशाखमा पारित गरिएको सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा अन्तर्राष्ट्रिय कानुनले अपराध किटान गरेका अपराधमा समेत आममाफी दिन सक्ने प्रावधान व्यवस्था गरिएकोमा त्यस्तो प्रावधान हटाउन सर्वोच्च अदालतले २०७१ फागुन १४ गते (फेब्रुवरी २२ का दिन) आदेश दियो । सरकारले सर्वोच्च अदालतको सो आदेश अस्वीकार गर्‍यो र आदेश पुनरावलोकनको निवेदन दियो । सत्य निरुपण तथा मेलामिलाप आयोग र बलपूर्वक बेपत्ता सम्बन्धी आयोगहरु सोही कानुन अन्तर्गत नै गठन गरिए, जसले आममाफी दिन सक्ने कानुनी प्रावधानका वावजुद काम थालनी गरे । यसले गर्दा सशस्त्र द्वन्द्वका क्रममा अन्तर्राष्ट्रिय कानुनले किटान गरेका प्रकृतिका गम्भीर अपराध गर्ने दोषीहरुलाई समेत उन्मुक्ति प्रदान गरिने अवस्था देखा परेको छ ।

उजुरी दर्ता एवं अनुसन्धान गर्न र त्यस्ता घटनाहरुका सम्बन्धमा अदालतले दिएका आदेशहरुको पालना गर्नमा प्रहरी वेवास्ता गर्‍यो जसले मानवअधिकार हनन्का घटनाहरुमा जवाफदेहिताको गम्भीर अवमूल्यनको विगतदेखिको अभ्यासले निरन्तरता पायो । उजुरी दर्ता गर्न अस्वीकार गरिएका घटनाहरुमा गैरन्यायिक हत्या भएका भनिएका, लैङ्गिक हिंसा, यातना तथा अन्य अपमानजनक व्यवहार, र महिला र बालबालिकाहरुको बेचविखन लगायतका रहेका छन् ।

## आप्रवासी श्रमिकहरुको अधिकार

गएको वर्ष आधिकारिक मार्गबाट मात्रै कम्तिमा पनि ५ लाख नेपालीहरु रोजगारीका उद्देश्यले विदेश गए । यसरी गएकाहरु मध्ये अधिकांश निर्माण, उत्पादन वा घरेलु लगायत कम सीप भएकाहरुद्वारा गरिने कामका लागि गएका हुन् । ती मध्ये कयौंजनालाई वैदेशिक रोजगार कम्पनी एवं मध्यस्थकर्ताहरुले शोषण र जबरजस्ती श्रमका लागि बेचविखन गर्ने क्रमले निरन्तरता पायो । रोजगार कम्पनीहरुले श्रमिकलाई उनीहरुको तलव र कामको प्रकार लगायतका बारेमा धोकापूर्ण व्यवहार गरे । वैदेशिक रोजगारमा जान चाहने आप्रवासी श्रमिकहरुले कुनै शुल्क तिर्न नपरोस् भनी सरकारले ल्याएको “निःशुल्क भिसा” नीतिका बाबजुद रोजगार कम्पनीहरुले श्रमिकहरुसँग शुल्क असुले । २४ वर्ष भन्दा कम उमेरका महिलाहरुलाई खाडी राष्ट्रमा जानका लागि लगाइएको बन्देज विद्यमानै रह्यो । यो बन्देज महिलाहरुको सुरक्षाको लागि जारी गरिएको भनिएतापनि धेरै संख्याका महिलाहरुलाई अनौपचारिक बाटोको प्रयोग गरी जान वाध्य पारिएको कारण उनीहरु झन बढी शोषण र ज्यादतीको जोखिममा परे । वैशाखमा भूकम्प गए पछि आफ्नो परिवार भेट्न नेपाल फर्कन चाहने खाडी, मलेसिया र अन्य मुलुकमा गएका आप्रवासी श्रमिकहरुले व्यवधानको सामना गर्नुपर्‍यो ।

## यातना तथा अन्य दुर्व्यवहार

खासगरी अभियोजनपूर्वको थुनाका क्रममा साविती वयान गराउन र सम्बन्धित व्यक्तिलाई त्रासपूर्ण दवावमा राख्न प्रहरीले नागरिकहरु उपर गर्ने यातना र दुर्व्यवहारले निरन्तरता पायो । संविधानका विषयलाई लिएर तराई क्षेत्रमा भएका हिंसाका क्रममा त्यस्ता थुनामा राखिएका खवरहरु प्राप्त भए ।

सन् २०१५ को अन्त्यसम्म पनि न त नेपालको संसद यातनालाई अपराध घोषित गर्न र त्यस अपराध वापतको सजायँको व्यवस्था गरी कानुन बनाउन सफल भयो, न त दण्ड संहिता र अपराध कार्यविधि संहितालाई अन्तर्राष्ट्रिय कानुन एवं मापदण्ड बमोजिम हुने गरी संशोधन नै गर्न सक्यो । यातनालाई अपराधिकरण गर्ने प्रावधानको व्यवस्था गरिएको कानुन संसदमा टेवल त गरियो । यद्यपि सो कानुनमा यातना र दुर्व्यवहार केवल प्रहरी हिरासतमा मात्र हुने

जस्तो अर्थ लगाइएको, दोषी उपरको सजाय र पीडितलाई क्षतिपूर्तिमा संकुचन गरिएको, र ९० दिन भित्रमा उजुरी गरिसक्नु पर्ने भनी हदम्याद तोकिएको कारण सो कानुनले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दैन ।

## भूकम्प पश्चात् मानवअधिकार संरक्षण

भूकम्प प्रभावित सबै, खासगरी सीमान्तकृत समूहका व्यक्तिहरुको आवश्यकता पूर्ति गर्न भूकम्प पछिको राहतको कार्यक्रम सफल नभएकोले व्यापक असन्तुष्टि व्यक्त भयो । भूकम्प प्रभावितहरुलाई राहत वितरणका क्रममा जातीय, आर्थिक, सामाजिक तथा लैङ्गिक आधारमा विभेदहरु गरिएको भनी कयौं गुनासाहरु प्रकाशमा आए ।

राहत समाग्री उपरको चर्को दरको भन्सार शुल्क मिनाहा गर्न र लामो समय लाग्ने झन्झटिलो भन्सार प्रक्रिया सहज बनाउन सरकारले असार (जुन) मा अस्वीकार गर्‍यो । त्यस निर्णयले गर्दा त्यसै पनि अत्यावश्यक राहतको गम्भीर अभाव भोगिरहेका भूकम्प प्रभावितहरुको अवस्था अझ विग्रने जोखिम बढायो । अक्टोवरसम्म पनि सरकारले न त राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन गर्‍यो, न त भूकम्पपछिको पुनर्निर्माणका लागि २०७२ असार १० (२५ जुन) मा गरिएको दाता सम्मेलनबाट जम्मा भएको ४.१ अरव अमेरिकी डलरको सहयोग राशि नै खर्च गरियो ।

सन् २०१५ को अन्त्यसम्म पनि भूकम्प प्रभावितहरुको उपयुक्त आवास, खाना, पानी र स्वच्छ वातावरण, स्थानान्तरणको स्वतन्त्रता र विस्थापितहरुलाई बलपूर्वक स्थानान्तरण हुनबाट संरक्षण गरिनु पर्ने लगायतका आधारभूत आवश्यकता परिपूर्तिको अधिकारहरु जोखिममा रहे ।

## विभेद

लैङ्गिक, जात, वर्ग, जातीय उत्पत्ति र सांस्कृतिक लगायत आधारमा हुने विभेदहरु विद्यमान नै रहे । जातीय विभेद र छुवाछुत विरुद्धको ऐन २०६८ (सन् २०११) को बारेमा जानकारी नहुनु र यस ऐनका आधारमा उजुरी गरेमा आफू उपर पछि अप्ठ्यारो हुने हो कि भन्ने डरका कारण यो ऐनको प्रयोग अत्यन्त सीमित फौजदारी घटनाहरुमा मात्र भयो ।

सीमान्तकृत महिलाहरु खासगरी दलित र विपन्नहरुले उनीहरु उपर हुने वहुआयामिक विभेदका कारणले विशेष किसिमको अप्ठ्याराहरु निरन्तर सामना गर्नुपर्‍यो । बलात्कार सम्बन्धी कानुनमा विद्यमान अपर्याप्तता जस्ताको तस्तै रहे भने त्यस कानुनले कतिपय अवस्थामा महिलाहरुलाई नै विभेद गर्ने आशयहरु राखेको छ । लैङ्गिक विभेदका कारणले महिलाको यौन तथा प्रजनन अधिकार उपर आफैंले नियन्त्रण कायम गर्न पाउनु पर्ने कुरामा संकुचन ल्याइदियो । खासगरी परिवार नियोजनका साधनको प्रयोग, कम उमेरमा हुने विवाहलाई अस्वीकार गर्ने, गर्भावस्था र मातृस्वास्थ्यको पर्याप्त एवं उचित हेरचाह पाउनु पर्ने र पर्याप्त पोषणयुक्त खाना खान पाउनु पर्ने लगायतका अधिकारहरुमा संकुचन देखिएको हो । विभेदका कारणले नै उनीहरुलाई वैवाहिक बलात्कार लगायतका घरेलु हिंसाको अवस्थामा पुर्‍याउने गर्दछ । यी तमाम विभेदको प्रतिकुल परिणाम स्वरुप महिला र युवतीहरुको प्रजनन स्वास्थ्यमा पाठेघर खस्ने जस्ता समस्या उत्पन्न हुने जोखिम बढ्दछ र त्यस्तो समस्या कम उमेरका महिलाहरुमा समेत हुने गरेको छ ।